# पश्चिम पहाड भूपरिधि कार्यक्रम (Western Mountain Landscape Program-WEMLP) संचालन कार्यविधि आ.ब. ०७३।०७४

**निकायः** वन विभाग र जिल्ला वन कार्यालयहरु

**कार्यक्रम** : राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम

नेपालको पश्चिम पहाडी क्षेत्रका दुर्गम तथा पिछडिएको क्षेत्रहरु विशेष गरी रोल्पा, सल्यान, जाजरकोट, रुकुम, अछाम, दैलेख, जाजरकोट लगायत कर्णाली अञ्चलका जिल्लाहरु समेतमा भूपरिधि स्तरममा जैविक विविधताको संरक्षण व्यवस्थापनको साथै आय आर्जनका कियाकलापहरुलाई हरित रोजगारीको रुपमा प्रवर्द्धन गर्न आवश्यक भएकोले प्रस्ताव गरिएको छ । विशेष गरी यस कार्यक्रमलाई आ.व.०७३।०७४ मा नमूनाको रुपमा कार्यान्वयन गर्ने र यस कार्यक्रम अन्तरगत रहेको अध्ययन गर्ने कार्य सम्पन्न भइसके पछि आगामी आ.व.हरुमा कार्यक्रम परिमार्जन गर्ने गरी कार्यक्रम सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

**यस कार्यक्रम संचालनको लागि मूख्य उद्देश्यहरु निम्न बमोजिम राखिएको छ ।**

१. कार्यक्रम लागु भएको जिल्लाहरुमा रहेको वन क्षेत्रहरुलाइै जैविक विविधता संरक्षण तथा वन्यजन्तुको संरक्षण, संवर्धन प्रवर्द्धन गर्ने ।
२. कार्यक्रम लागु गर्दा स्थानीय समुदायको अपनत्व विकास हुने गरी हरित रोजगारी सिर्जना गर्न सहयोग गर्ने ।
३. दिगो वातावरणीय तथा जैविक विविधता संरक्षणको लागि संस्थागत विकासको अभ्यासहरु गर्दै सिकाईहरुलाई सुदृढ गर्ने ।

**जिल्लाहरुः** जिल्ला वन कार्यालयहरु (१३) : रोल्पा, रुकूम, सल्यान, जाजरकोट, दैलेख, हुम्ला, जुम्ला, कालिकोट, मुगु, डोल्पा, अछाम, वाजुरा, बझाङ

उपरोक्त बमोजिमको उद्देश्य पुरा गर्नको लागि निम्न बमोजिम कार्यक्रम तथा कार्यविधि अपनाई कार्यान्वयन गर्नु पर्नेछ ।

क) कार्यान्वयन क्षेत्र छनौट

यस कार्यक्रमको कार्यान्वयन क्षेत्रको छनौट गर्दा जैविक विविधताको संरक्षण गर्नु पर्ने, गाउ पालिका वा गाउ विकास समिति र नगरपालिका, जिल्ला र अको जिल्ला विचको जैविक मार्गहरु विकास गर्ने क्षेत्र तथा वन विकास गर्नको लागि उपयुक्त क्षेत्र । यस आर्थिक वर्षको लागि नमूनाको रुपमा एक देखि ४ वटा गाउ विकास समिति वा एउटै इलाका वन कार्यालयको क्षेत्र पनि छनौट गर्न सकिनेछ । यस्तो छनौट गरिएको क्षेत्रको विवरण जिल्ला वन क्षेत्र समन्वय समितिलाई जानकारी गराउनु पर्नेछ ।

ख) संचालन गर्न सकिने कियाकलापहरु

यस कार्यक्रम अन्तरगत राखिएको बजेटबाट जिल्लाको आवश्यकता र प्राथमिकताको आधारमा निम्न बमोजिमको कियाकलापहरु संचालन गर्न खर्च गर्न सकिनेछ । क्रियाकलाप छनौट गर्दा जिल्लामा परिमाण देखिने खालका क्रियाकलाप छनौट गर्नु पर्नेछ ।

**१. जैविक विविधता संरक्षण एवं पर्यापर्यटन प्रवर्द्धन ।**

- सामुदायिक वन वा कवुलियती वन वा धार्मिक वन उपभोक्ता समूहहरु मार्फत जैविक विविधता संरक्षण क्षेत्रहरु पहिचान गरी समुदायबाट संरक्षण गरिएको क्षेत्र ( Community conserved areas) को संरक्षण, प्रवर्द्धन तथा विकासको कार्यमा लागत अनुमान तयार गरी समुहको कार्यकारिणी समितिसंग सम्झौता गरी कार्यान्वयन गर्न सकिने छ ।
- पहिचान गरिएको स्थानीय क्षेत्रको जैविक मार्ग हुने संभावित क्षेत्रहरुको संरक्षण, वृक्षारोपण, पुर्नस्थापनाको कार्यहरु संचालन गर्न सकिने छ ।
- यस्तो पहिचान भएको क्षेत्रको कार्ययोजना तयार गर्न सकिनेछ ।

**२) कृषि वन प्रवर्द्धन ।**

- ठुला रुखहरु जस्तै वाइल्ड फलफूल समेतका प्रजातिहरु लगायत गैरकाष्ठ वन पैदावार समेतलाई खेति प्रवर्द्धन हुने जैविक मार्गको वरिपरि रहेको वस्ती, समुदायहरुको क्षेत्रमा कृषि वन प्रणालीको विकास हुने गरी खेति विस्तार प्रवर्द्धन गर्न सकिने छ । नमूनाको लागि ओखर, सुगन्धकोकिला, जैतुन आदि प्रजातिहरुको प्रवर्द्धन ।
- यस्तो कियाकलाप संचालन गर्दा कृषि विकास कार्यालयको वागवानी विकास अधिकृत समेतको सुझाव लिन सकिनेछ ।
- नमूना कृषकहरु छनौट गरी अनुदानमा विरुवाहरु उपलब्ध गराउन सकिनेछ ।

**३) वन संरक्षण तथा वन व्यवस्थापन ।**

- जोखिममा परेका प्रजातिहरुको वन क्षेत्र संरक्षण, स साना भूसंरक्षणको कियाकलापहरु संचालन गर्न सकिनेछ ।
- विशेष वन्यजन्तुहरुको संरक्षण तथा संवर्धन गर्नको लागि पनि प्रस्ताव तयार गरी संचालन गर्न सकिनेछ ।
- वन संरक्षणको लागि सूचनामूलक कियाकलापहरु जस्तै एफ एमहरुबाट प्रचार प्रसार, व्रोचर आदि तयार गर्न सकिनेछ ।
- वन संरक्षणको लागि अन्तरकिया तथा समूह परिचालन कार्यहरु संचालन गर्न सकिनेछ ।

**४) आय आर्जन, वित्तिय व्यवस्थापन तथा उद्यम विकास ।**

- छनौट गरिएको समुदाय वा क्षेत्रमा पहिचान गरिएको आयमूलक कियाकलाप विशेष गरी माथिको बुँदा नं. २ बमोजिमको कियाकलाप संग समन्वय गरेर जिविकोपार्जन सुधार योजना तयार गरी स्थानीय समुदायको पनि कम्तिमा २० प्रतिशत लगानीमा कार्य संचालनको लागि स्थानीय सामुयिक वन वा धार्मिक वन वा कवुलियती वन उपभोक्ता समिति वा त्यस्ता समितिबाट सिफारिस गरिएको उपसमुह वा समूह संग सम्झौता गरि कार्यान्वयन गर्न सकिनेछ ।
- माथिको बुँदाको कार्यान्वयन गर्दा विपन्न तथा गरीव सदस्यहरुलाई छनौट गर्नु पर्नेछ ।

माथिको कियाकलापहरुको अनुगमन जिल्ला वन अधिकृतले गरी प्रगति प्रतिवेदन तयार गरी वन विभागमा पेश गर्नु पर्नेछ । योजना निमार्ण, समन्वय तथा अनुगमन प्रयोजनको लागि कुल बजेटको अधिकतम ५ पाँच प्रतिशत खर्च गर्न सकिने छ ।